*Tejganga Darpan, Vol.3, No.1, August 2024*

# पारिजातको उपन्यासमा विसङ्गतिपरक चिन्तनमा निराशावाद

डा. अम्बुभवानी कार्की

सहप्राध्यापक तेजगंगा बहुमुखी क्याम्पस, काभ्रेपलाञ्चोक, नेपाल

ambubhawanikarki@gmail.com

Received: May 24, 2024; Revised & Accepted: June 28, 2024

Copyright:Karki (2024)

This work is licensed under a Creative Commons Attribution-Non Commercial 4.0International License.

**सार सङक्षेप**

प्रस्तुत अनुसन्धानात्मक लेख पारिजातका आख्यानमा विसङगतिवाद अन्तर्गतको दशवटा मानक सिद्धान्त मध्ये निराशावाद अध्ययनमा केन्द्रित छ । पारिजातका उपन्यासहरु मध्ये उनको औपन्यासिक यात्रा २०२२-२०३० सम्मको पूर्वाद्धकाललाई लिइएको छ । यस चरणमा उनले 'शिरिषको फूल'(२०२२), 'महत्ताहीन' (२०२५), 'बैसका मान्छे' (२०२९) तीनवटा उपन्यास देखा परेका छन् । यस अध्ययनमा तीन उपन्यासका निराशावादलाई केलाइएको छ । वर्तमान मान्छेले निराशामात्र भोगेको सन्दर्भ प्रस्तुत गरेको छ । यी उपन्यासहरुलाई निराशाको चर्चा गर्ने सम्बन्धमा निराशाको पृष्ठभूमि सहित अगाडि बढाइएको छ । अङग्रेजीमा 'डिस्पेयर' भन्ने यस शब्दलाई नै नेपालीमा निराशा भन्छ। निराशा आधुनिक युगको भोगाई तथा मनोवृत्तिको उपज हो, जो विश्वव्यापी भौतिकता, औद्योगिकता, यान्त्रिकता र ज्ञान विज्ञान बौद्धिकताबाट अलग रहेको महसुस भयो । यथार्थमा निराशापरक साहित्यको केन्द्रविन्दु व्यक्ति नै हो । यस अध्ययनमा पारिजातले 'शिरीषको फूल' उपन्यासको प्रमुख पात्र प्रेमलाई उपहास गर्ने सुयोग नायीका वरी संगको भेटले प्रेम उसको निम्ति व्यङ्ग्य भएर उभिएको छ भन्ने निचोड निकाल्छ जीवनमा निराशामात्र भोग्ने बानी परिसकेको बूढो लाहुरे मनभित्र वरीलाई लुकाएर दीनहीन र निस्सार जीवन बाँच्न बाध्य छ भने 'महत्ताहीन'मा नपाउनु नै जीवनको निराशताको सङ्केत गरेको पाइन्छ। अत्यास लाग्दो जीवन जिउन बाध्य आजको मान्छे आफूलाई अस्तित्व नभएको मान्न बाध्य छ। यस उपन्यासको अनाम नायक जीवनप्रति कुनै उत्साह, उमङग नभएको विना रसको जीवन बोकेर वैरागिएको निराशबोधी व्यक्तिको प्रतिनिधि भएको छ । 'बैंसको मान्छे' मा आफूले चाहेको केही पाउन, गर्न नसक्ने लाछी सम्झने उपन्यासको पात्रहरुमा मानवता प्रति नै विश्वास छैन, आफ्नो मूल्यहीनताको बोधले खग्रास भएका पात्रहरु निरसै निराशामा भरिएको जीवन बाँच्न वाध्य भएको विश्लेषण गरिएको छ।

**मूलशब्द :** निराशा, विसङगति, अर्न्तसम्बन्ध, आख्यान

**विषय परिचय**

साहित्यमा विसङगतिवाद भित्रको दशवटा मानक सिद्धान्त चिन्ता, व्याकुल र दुःख, निराशा एकाङ्की/एक्कलोपन, पृथकता, सन्त्रास, तनावग्रस्तता, निरर्थकता, शून्यता, मृत्यु मध्ये निराशाको विश्लेषण गरिएको छ । हरेक पटक असफल भएपछि हतास हुनुको सङ्केत नै निराशा हो । यसको अर्थ जीवन प्रति वैराग्य छाउनु पनि हो । हरेक पटक असफल भएपछि आफ्नो कार्यमा अवरोध भएको अनुभव हुनु नै निराशाको पाटो हो । यो मानव जीवनको एक मनोदशात्मक स्थिति पनि हो (निरब, ई १९९२:८) निराशाले घेरिएको मानिस हरेक दिन हरेक कार्यमा हतास मनस्थिति बोकेर हिड्छ । उसमा उत्साह र उमङ्ग केही पाउन सकिदैन, जसलाई एक प्रकारको खतरापूर्ण स्थिति मानिन्छ (निरबः १९) । निराशाले मान्छेलाई कहिकतै टेक्ने ठाउँ नै नभएको र बाँच्ने आशा नै हराएको अवस्थामा पुऱ्याउँछ । मान्छेको सम्पूर्ण आशा भरोसाका वस्तुहरु गुमाएको निराशाले मान्छे जिउँदो लास सम्झन्छ । कुनै आशालाग्दो स्थितिको सङ्केत नभएपछि आफ्नो अस्तित्व गुमाउनु यसका खास विशेषता हुन् (सोनेस, इ २००१: २२४) । आधुनिक जगत्मा बाँचेको आजको मान्छेले निराशाको भुमरीमा बस्नुबाहेक अरु केही गर्ने स्थिति रहेको छैन । मानिसका आशाका केन्द्रहरु सम्पूर्ण रुपमा ध्वस्त तथा विनास हुनु नै मान्छे वाक्य विहीन बन्न पुग्नु, निस्कन र दलदलबाट उम्कन नसक्नु, विपद परेको अनुभूति हुनुलाई नै नैराश्यले गाँजेको स्थिति भनिन्छ (हर्नवी, ई २०००: ३४१) । दार्शनिक किर्के गार्डले निराशालाई सापेक्षतामा बढी सशक्त र क्रियात्मक रहन्छ भनेका छन् (सिंह, इ १९८८ : ७०) ।

यसरी आशा र भरोसाबाट वञ्चित रहेको स्थिति नै निराशाको स्थिति हो । निराशा भन्नु नै मानिसको अस्तित्वका सन्दर्भमा बाँच्ने र जीवनमा देखिने आशा नभएको स्थिति हो, जसले मानवको जीवन स्थितिलाई तितरवितर बनाउँछ । निराशाले भरिएको मानिसले आफ्नो जीवनको सार नै फेला पार्न सक्दैन किनकि जीवनको उज्यालो पक्षमा निराशाले तगारो हालेको हुन्छ ।

**अध्ययन विधि**

प्रस्तुत अध्यापनमा पारिजातका उपन्यासमा निरासावाद खुट्याउन आवश्यक विश्लेषण गर्ने सन्दर्भमा आवश्यक सामाग्रीहरुको सङ्कलन पुस्तकालयीय कार्यबाट गरिएको छ । यस कार्यमा विश्लेष्य उपन्यासहरु 'शिरीषको फूल' महत्ताहिन, बैसको मान्छेलाई प्राथमिक स्रोतको रुपमा लिइएको छ । यस्तै कृति विश्लेषण गरी अध्ययन पत्र तयार पनि प्रयोग गरिएको समालोचकहरुका समालोचना, टिप्पणी तथा विद्यावारिधि उपाधिकालागि प्रस्तुत गरिएका प्रकाशित अप्रकाशित शोध प्रबन्ध र समीक्षाहरुको समेत सहयोग लिइएको छ । प्रस्तुत अध्ययनमा विशेषत : मूलकृतिको विश्लेषणत्मक पद्धतिलाई अङ्गीकार गरिएको छ । यस्तै

कृतिको विश्लेषण गरी अध्ययनपत्र तयार पार्न प्रयोग गरिएका अन्य पूर्व अध्ययनका सामग्रीहरुलाई द्वितीय स्रोतका रुपमा लिईएको छ । साथै अन्य सम्बद्ध क्षेत्रका विशिष्ट विद्वानहरुसंग परामर्श एवम् सल्लाह सुझावलाई समेत अध्ययन सामग्रीको स्रोत बनाइएको छ ।

**सङकलित सामग्रीको विश्लेषण गर्ने आधार**

पारिजातका उपन्यासमा विसङ्गतिवाद पहिल्याउनका लागि कृतिविश्लेषणको सैद्धान्तिक मानक सिद्धान्त निर्माण गरिएको छ । यहाँ उपन्यासात्मक कृतिहरुको विवेचना गर्दा उल्लेख गरिएका १० वटा सैद्धान्तिक मानकहरु चिन्ता, व्याकुलता, निराशा, एकाङगीपन, पृथक्ता, सन्त्रास, तनावगस्तता, निरर्थकता, शून्यवोध र मृत्युसन्दर्भ मध्ये निराशाको मात्र उपयोग गरी अध्ययन गर्ने काम गरिएको छ । निराशावादलाई मात्र सैद्धान्तिक रुपमा आधारित भएर निराशाको स्थिति ठम्याउँदा खासगरी नेपाली समाज तथा संस्कृतिसँग कति सापेक्ष र कति निरपेक्ष रहेको छ सो पनि पहिचान गरिएको छ । प्रस्तुत अध्ययनमा विशेषत : विश्लेषणत्मक पद्धतिलाई अङगीकार गरिएको छ । अध्ययनकार्य विद्यावारिधि उपाधिका लागि प्रस्तुत गरिएको शोध प्रबन्धसँग र पुस्तकालीय विधिमा केन्दीत रहेको छ । यस अध्ययनमा उपन्यासकारका निराशावाद खुट्याउन मात्र सीमित रहेको छ । यस अध्ययन भित्र उपन्यासको अन्य विश्लेषण गरिएको छैन ।

**सैद्धान्तिक अवधारणाका रुपमा निराशावाद**

प्रथम र दोस्रो विश्वयुद्धले ल्याएको जीवन भोगाईलाई हुबहु रुपमा साहित्यिक कृतिका माध्यमबाट प्रस्तुतीकरण गर्ने कार्यको शुरु भयो । त्यसको परिणाम फ्रान्ज काफ्का (१८८३-१९२४) को 'द ट्रायल'(१९२४) र 'दक्यासल' (१९२६) जस्ता कृतिहरु प्रकाशित भए । यी कृतिहरुमा विसङगतिका बीज छिपछिपे अभिव्यक्ति पाइए पनि त्यसलाई पूर्णरुप दिने सात्रको 'नौसिया', 'मरफी', कामुको 'ला मिथडे सिसिफे' र 'ला स्ट्रेजर' जस्ता दार्शनिक साहित्यिक कृतिहरु प्रकाशित भएपछि विसङ्गतिले स्थान पाउन थालेको देखिन्छ ।

जुनसुकै घटनालाई पनि प्रभाव पार्ने राजनीतिले साहित्यलाई पनि प्रभाव पार्दछ । सामाजिक परिवर्तनले विचारमा पनि प्रभाव पारेको हुन्छ । विसङ्गति अनुभूति गर्ने खासखास अवस्थाहरु नै यसका सैद्धान्तिक अवधारणा मानिन्छन् । मान्छेका शून्यता, निराशा, मूल्यहीनता, अर्थहीनता, मृत्युबोध तथा पृथकताको अनुभूतिबाट विसङ्गतिको चरम अनुभूति हुन्छ भन्ने पुष्टि गर्न कामुले 'ला मिथडे सिसिफे' नामको कृतिबाट विसङ्गतिको दृष्टिकोण अगाडि बढाएको देखिन्छ । यही चिन्तनमा केन्द्रित रहेर विसङ्गतिलाई प्रस्ट्याउने आधारहरु तयार पारिएका हुन् । साहित्यमा विसङगतिको विश्लेषण गर्न सैद्धान्तिक तयार गर्ने क्रममा मानवको स्थिति शून्यता, व्याकुलता, एक्लोपन, निराशा, सन्त्रास, तनावग्रस्तता, मृत्युबोध जस्ता उपकरणहरु

प्रस्तुत गरिन्छ। व्याख्या विश्लेषण पारिजातको उपन्यासमा विसङगतिपरक चिन्तनमा निराशा पहिचान गर्न सकिने आधार सामाग्री रहेकाले निराशा केलाइएको छ ।

यहाँ पारिजातका आख्यानमा निराशा केलाउने क्रममा उनका उपन्यासको विश्लेषण र मूल्याङ्कनका लागि अँगालिएका सैद्धान्तिक आधारहरुमध्ये निराशालाई मुख्य रुपमा मानक ठानी विश्लेषण गरिएको छ । आख्यान विश्लेषण र मूल्याङकनका लागि उपन्यासका पात्रहरुलाई केन्द्रविन्दु मानेर उपकरण र आख्यानका बीच परीक्षण गरिएको छ किन भने पात्र (मान्छे) बाट मात्र जीवन जगतमा हुने निराशा ठम्याउन सकिन्छ । विश्लेषणलाई बढी वस्तुपरक हुने र सारपूर्ण बनाउन सकिन्छ । त्यसैले प्रस्तुत अध्ययनमा पारिजातका तीनवटा उपन्यासहरु 'शिरीषको फूल', 'महत्ताहीन' र 'बैंसको मान्छे' उपन्यासका पात्रहरुलाई लिइएको छ । यी तीन उपन्यास पात्रहरुमा पारिजातले वर्तमानका मान्छेले निराशामात्र हात पार्ने सन्दर्भ प्रस्तुत गरेको छन् । मानवीय स्थितिलाई छिन्नभिन्न रुपमा प्रस्तुत गर्ने क्रममा 'शिरीषको फूल' का सुयोगवीर र सकमबरी 'महत्ताहीन' का अनाम पात्र 'बैसको मान्छे' को 'म' पात्र आदिलाई प्रस्तुत गरेर जीवनको सार फेला पार्न नसक्ने अवस्थामा आजको मान्छे निस्सारता र निराशामा बाँच्न विवश रहेको देखाइएको छ ।

**विसङ्गतिपरक चिन्तनमा निराशावादी उपन्यासहरुको विष्लेषण**

**शिरीषको फूल**

शिरीषको फूल उपन्यासमा वर्तमानका मान्छेले निराशामात्र भागेको सन्दर्भ प्रस्तुत गरेको छ । मानव जीवनको स्थितिलाई छिनभिन्न रुपमा प्रस्तुत गर्ने क्रममा सुयोगवीरको केन्द्रीयतामा उपन्यास बुनिएको छ र उसैको व्यवहारलाई अगाडि सारिएको छ । जीवनको सार नभेट्टाएको र भेट्टाइ नसक्ने अवस्थामा पुगेको आजको मान्छे केवल निस्सारतार निराशामा कुँडिएर बाँचेको देखाइएको छ । सुयोगबाटै सुरु भएको विसङ्गतिको सङ्ग्रहालयमा लामो समयसम्म पल्टनमा बिताएर लडाइ का हिँडे तापनि एउटा मान्छे मारेको छैन । जागिरको दौरानमा तीनतीनवटी आइमाईहरुको प्रेमलाई लत्याएर, पछि हत्या गरेको सुयोगवीर सकम्बरीमा प्रेम खोज्दछ तर वरीबाट ऊ अस्विकार्य हुन्छ (प्रधान, २०४३: २३५) । सुयोग निरासिएर तडपिएको छ । प्रेम उसका लागि व्यङ्ग्य भएर उभिएको छ भन्ने अनुभव गर्दै एकाङ्गी जीवन बिताउन बाध्य छ । प्रेमको भीख माग्ने तीनवटी युवातीहरुलाई लात हान्दै क्षणिक आनन्दका लागि भौतिक शरीरको धित मरुन्जेल भोग गर्ने सुयोग वरीसँग हारेको छ , एकतर्फी प्रेममा फसेको छ । तर वरीले त्यसलाई अविश्वास गरी उपहास गरिदिन्छे । किन सुयोगजी, तपाईको छातीभित्र पनि उकुसमुकुस जस्तो छ नि, सिपाहीको के विश्वास भनेर वरीले होच्याएपछि सुयोग भन्छ : "मलाई सर्वाङ्गै चिसो भएजस्तो लाग्यो चिसो मान्छेको चिसै कुरा, (पारिजात २०५४:२८) ।" यसरी प्रत्येक बोलीमा बरीसँग हारेको महसुस गरेर निरासिएका दिनहरु बिताउने बानी परिसकेको देखिन्छ । यसरी प्रेत्यक दिन बरीसँग हारेको सुयोगमा

झन्झन् बरीको तिर्खा लाग्छ । त्यसैले त आज बरीलाई नाङ्गी स्वास्नीमान्छे हरेर आइसकेको मेरा आँखाहरुले आज लुगा लगाएकी बरीलाई देख्दा अनायास अपराधको परिभाषा आफैभित्र खेलाउन नसक्नु मेरो परिभाषा थियो (पारिजात, २०५४:२८) । यसरी निराशाका पलापिन बाध्य भएका सुयोग जीवनदेखि नै डराउँछ र भन्छ :-"के हो र सकमबरी, के छ र उसमा (पारिजात २०५४:२८) ।" यसरी पिरोलिएको सुयोगमा वरीको सानु घाँटी अठ्याउने रहर जाग्नु, मुडुलो टाउको पनि सुम्सुम्याउने रहर लाग्नु । वरीलाई टपक्क टिपेर छयालिस वर्षको उमेरमा आफ्नो जीवन त्याग्नु छैन भन्दै निस्सारतामा जीवन बिताउन तयार भएको सुयोगवरीसँग उठबस गर्ने चाहनालाई काँढैकाँढाका फुलेको फूललाई हात रगताम्मे पारेर टिप्ने प्रयास गरेको हो भन्ने ठम्याइमा पुग्छ ।

प्रेमलाई उपहास गर्ने सुयोग बरीसँगको भेटले अब प्रेम मेरो निम्ति व्यङ्ग्य भएर उभिएको छ भन्ने निचोड निकाल्छ । मनभित्र वरीको प्रेमलाई लुकाएर सायद बाँकी जीवन यस्तै हीन बनेर बिताउनु छ (पारिजात, २०५४:३२) । यसरी प्रेमको भिक्षा माग्दा उपेक्षित भएको सुयोगले अर्को अभिव्यक्ति पोख्छ- "प्रेम नहुँदा पनि मेरो निमित्त संसार निस्सार नै थियो र अब भएपछि पनि निस्सार, के मूल्य मेरो ? के मूल्य मेरो प्रेमको ( पारिजात, २०५४:३३) ।" जीवनमा निराशा मात्र भोग्ने बानी परिसकेको बूढो लाहुरे सुयोग मनभित्र वरीलाई लुकाएर दीनहीन र निस्सार जीवन बाँच्न बाध्य छ । जीवनको निस्सारताको उत्कृष्ट उदाहरण दिँदै पारिजातले जीवनको सार भेट्टाउन नसकेको र हतास मनस्थितिको चरमविन्दुमा पुगेको अवस्थाको सङ्केत यसरी हीन बनेर बिताउनु छ । 'बूढो लाहुरेले खल्तीमा सजाएको रुमालजस्तो, बूढो रुखमा बेमौकामा टुसाएको मुनाजस्तो, बैंस गइसकेपछि नाकको डँडाल्नीमा आएको डण्डीफोरजस्तो वरी मेरी मुटुमाफ निर्धक्क पल्टिदिई । …………यस विडम्बनालाई म हाँसी हाँसी सहिदिन सक्थे (पाजित, २०५४:३२) ।' यसरी लडाँइमा धेरै महिलाहरुलाई झुटो प्रेमको नाटक गरेर सताएको सुयोगले बरीलाइ लुकाएर दीनहीन र निस्सार जीवन बाँच्न बाध्य छ । हिजोका आफ्ना ती कुकर्म झलझली सम्झन थालेको छ र निराशाको पराकाष्ट नाघेको छ ।

**महात्ताहीन**

'महात्ताहीन' उपन्यासमा नपाउनु नै जीवनको निरसताको सङकेत गरेको पाइन्छ । अत्यासलाग्दो जीवन जिउन बाध्य आजको मान्छे आफूलाई अस्तित्व नभएको मान्न बाध्य छ । उपन्यासको नायक आफूलाई निम्न, महात्ताहीन, दुःखी र तिरस्कृत मान्छे हुँ भन्छ जुन जीवनको निस्सारतामा अर्थहीन भएर जिउन बाध्य भएको छ । यस अर्थहीनताका गञ्जागोलभित्र पनि अर्थ खोज्ने र अर्थहीनता र अर्थशून्यता, निरर्थकता र निष्प्रयोजनतामा पुगिदिन्छ (सुवेदी, २०५३ : २४) । 'म' पात्र आफू संवेदनाहीन बनेको, निस्पृह भएको र विक्षिप्त बन्दै गएको अनुभूति गर्दछ । जन्मदेखि मृत्युसम्म यात्रा गर्दछ मान्छे । निरर्थकताका गञ्जागोलभित्र समय जीवन र परिवेशअनुसार निस्सारतामा बाँच्न बाध्य छ आजको मान्छ ।

'महत्ताहीन' आख्यानको अभिव्यक्ति नै जीवन काम चलाउको सम्झौता मात्र रहेको तथ्य हो । युवाको अनाम पत्नी र शियासँगको औपचारिक सम्बन्ध र सहवास अनिश्चित सम्बन्धसँग आबद्ध रहेका छन्, जुन काम चलाउ जीवन नचाहिकन पनि संलग्न हुन सम्झौता गर्दछ (प्रधान, २०४३ :३३९) । 'महत्ताहीन'को नायकको हीनताबोधमा जीवनप्रतिको वितृष्णा र निस्सारताको कुण्ठा भएको पाइन्छ । ऊ चाहेर पनि केहि गर्न सक्दैन र भन्छ - "त्यसैबेला मलाई जीवनमा आफूप्रति घृणा हुनुको तिखो अनुभवले सताएको थियो (पारिजात, २०५४ :९८) ।" यसरी 'महत्ताहीन'को अनाम पात्रको भनाइमा पाइने निराशा, पराजयको अनुभूति, जीवनप्रतिको वितृष्णाबाट सृजित आख्यान वैचारिक धरातलमा निर्मित संवेदनाहीन र निष्प्रयोजन भएर सकिएको छ । नायकको वरिपरि घुमेको 'महत्ताहीन'मा मानवीय नग्नता 'म' पात्रको हीनताबोध र आफैबाट तिरस्कृत भएको अनुभूतिमा कथानक घुमेको छ (प्रधान, २०३८ : ३०) । जीवनदेखि विरक्तिएको अनुभूतिलाई अनाम पात्रको माध्यमबाट प्रकट पारिएको छ । जसलाई चाहेको छैन उसैसँग जीवन बिताउनुपर्ने बाध्यता, सत्ताधारीको पञ्जामा पर्दाको शिया, शियाको अवैधानिक चरित्रलाई टुलुटुलु हेर्न विवश लोग्ने, जोगी तथा नायक सबै निराशाको पोको बोकेर बाँच्न बाध्य भएको देखिन्छ ।

उपन्यासको नायक 'म' पात्र र शियासँग सम्बन्धित भएको कथानक अगाडि बढेको छ । निराशाले जीवन डढेको छ । इच्छा नहुँदानहुँदै बिहे गरेको 'म' पात्रले पत्नीसँग सम्बन्ध नै नराखी पत्नीको मृत्यु भएको छ । जीवन संगिनी भनेर ल्याएको पत्नीको मृत्युमा पनि कुनै प्रतिक्रिया नदेखाएको 'म' पात्र जीवनलाई जिउँदो लासको रुपमा तेर्सिएको महसुस गर्छ । यस्तै भट्टी पसलकी शिया र त्यहाँ आउने जानेहरु त्यही बस्ने जोगी उसको काँचो मासुमा दुर्गन्धित जीवन भोग्ने सत्ताधारी जीवनलाई औचित्यहीन र निराशाले भरिएको निष्कर्ष निकालेको देखिन्छ । कहीँ कतै जीवनको उज्यालो पक्षको सङ्केत छैन । मान्छेको मूल्यको उपहास गर्दै जीवनको औचित्य नभएको तथ्य प्रस्ट्याउन आख्यान सफल भएको छ । दिनहुँ शियाको काँचो छाला र दुर्गन्धित रक्सी, जाँडमा यी पात्रहरु किरा झै रगरगाउनु तिनले निरर्थक कुरा गर्नु, जीवन जगत्को औचित्यको उपहास गर्नु तथा मानवीय मूल्यको धज्जी उडाउनुमा नै सिङ्गो उपन्यास हिँडछ र हिँडिरहन्छ ( घिमिरे र ज्ञावली, २०६४ : ३५) । यसरी जीवनमा देखिएको निराशा, वितृष्णा र उत्साहहीनताले जीवनप्रति कुनै आकर्षण नभए पनि आत्माहत्याको बाटोले पनि समस्याको खासै समाधान गर्न सक्दैन भन्ने अल्वेर कामुको दृष्टिकोणका पात्रको रुपमा 'म' पात्र देखिए पनि अवसर प्राप्त समयमा प्रयोग गर्न सक्दैन । आफ्नै हकलाग्ने पत्नीलाई पनि भोग गर्न सक्दैन र उसको मृत्युमा पनि आहत नहुनुले उसमा चरम निरसता पाइन्छ । आफ्नो जीवन प्रति कुनै उत्साह, उमङ्ग नभएको र बिहे गरेर ल्याएको पत्नीलाई समेत आफ्नो बनाएर प्रणयरस खन्याउन नसक्ने, उसलाई जीवनप्रति गरिने यी सब कुरा निरर्थक व्यर्थ भएका छन् । बिना रसको जीवन बोकेर शियाको भट्टीमा सधैं जाने वैरागिएको निराशाबोधी व्यक्तिको प्रतिनिधि पात्रका रुपमा देखिन्छ ।

निराशा भरिएको जीवनमा निस्सारता र हीनताबोधबाट ग्रस्त 'म' पात्र, शिया जोगी तथा सत्ताधारी सबै पात्र निराशाजनक जीवन बिताउन बाध्य रहेको ठान्दछ । आफ्नो ऊ जहाँ पनि दूषित भाववमन गरिरहन्छ, दुर्गन्धित विचार र बीभत्स अनुभूति व्यक्त गरिरहन्छ । यसरी घृणित अभिव्यक्ति दिने ऊ जताततै फोहोरका बीचमा झिँगा भन्काएर लडेको लासजस्तै लाग्छ (घिमिरे र ज्ञावली, २०६४ : ३६) । 'म' पात्रले आफ्नो शरीर भरि चिप्लेकिरा सल्बलाएको अनुभव गर्नु नै जीवनप्रति वितृष्ण हुनु हो । ऊ भन्छ - "शिया शियाको गन्हाउने शरीर र गन्हाउने कोठाले कतिपल्ट मलाई नर्कको विश्वास जगाइदिएको छ । शियाको दुर्गन्धले कतिपल्ट म आङभरि चिप्लेकिरा घस्रेको अनुभव गरेर विरक्त भएको छ (पारिजात, २०२५ : ६४ ) ।" आफू हुनुको निराश मनस्थिति बोके 'म' पात्र विरक्तिएको छ । ऊ आफ्नो अस्तित्व फेला पार्न नसकेर दुःखित भएको छ । उसको जीवनप्रतिको दृष्टिकोण यस्तो छ -'मेरो सुख दुःख केही पनि मेरो आफ्नो होइन मनस्थितिहरुको उतारचढाव पनि मेरो आफ्नो होइन, कुनै बोध पनि मेरो आफ्नो होइन । म एउटा उदाहरणार्थ सृजिएको प्यारासाइट । जूका, जुम्रा, कुकुर, झिँगा एउटा मौलिक गाछमा पल्हाएका कुरुप ऐजेरु, म जे पनि हुन सक्छु (पारिजात, २०५४ : १३७ )।' जताततै निस्सारताको खडेरी अनुभव गर्ने 'म' पात्र जीवनमा कहीँ आशाको तन्तु देख्दैन । ऊ प्यारासाइट जुका सम्झेर निस्सार जीवन बिताउँछ । अब उसको निष्कर्ष जीवन कोही होइन रहेछ भन्ने रहेको छ । ऊ आफूलाई गुहेकिराको जति पनि अस्तित्व नभएको प्राणी ठान्दछ । अनाम पात्रको भनाइमा जीवनको कहालीलाग्दो निस्सारताको पुष्टि भएको छ । 'म' पात्रले वर्तमान मान्छेले भागेको बीभत्स र कुरुप जीवनको उदाहरण यसरी प्रस्तुत गरेको छ - 'मैले फेरि पनि आफ्नो जीउभरि चिप्लेकिराहरु टाँसिएको देख्न थालें । यो अठोट लाग्यो, यो घृणा बोधलाई यहाँ मारिदिए हुन्छ, बरु त्योसँग जीवनको अन्तिम जिजीबिषा पनि मरोस् । मानिस कीरा हुनुको प्रतिक सबैभन्दा जोडदार विज्ञापन म आफै ( पारिजात, २०२५ : १०३) ।' मान्छेले जीवनको निरर्थकता, सारहीनता, निस्सारता, व्यर्थता, अस्तित्वहीनता र शून्यताको डङ्गुर लागेपछि विसङ्गति तथा निराशाबोधको अनुभूति गर्छ , यस्तो बोध उसले आफैलाई केन्द्र मानेर गरेका हुन्छ । विसङ्गतिको केन्द्र बनेर अडेको आजको मान्छेहरु प्रतिनिधित्व गरेको अभिव्यक्ति 'महत्ताहीन' मा पाइन्छ ।

**बैंसको मान्छे**

बैसको मान्छे उपन्यासमा आख्यानकार पारिजातले बैंसलाई तरुणो, रुख आँधीसँग हुर्केको उमेर, एक माना चामलको भात खानु पर्ने उमेर, पसिना बगाउनु पर्ने उमेर, भुइँचालोसँग मातिएको उमेर, बैंसको चितुवाजस्तो बारुद बोक्नुपर्ने उमेर, समयको ज्यानमारा उमेर, खाउँलाउँ भन्ने उमेर २४/२५ बर्षे ठिटो 'म' पात्र पियन र त्यस्तै उमेरकाहरुको केन्द्रीय वृत्तमा घुमेको कथानकले उनीहरुको जीवनवृत प्रस्तुत गरेको छ । २०२८ सालको अन्तमा लेखेर २०२९ सालको रुपरेखा पत्रिकामा प्रकाशित भएको यो नेपाली उपन्यास परम्परामा परिजातको अस्तित्ववादी विसङ्गतिवादी थालनीको उत्तर चरणको कृति हो । यस उपन्यासमा

पनि विधवा आमाले बैंसमै पति गुमाएर एकल हुर्काएको छोरो 'म' पात्र युवालाई अघि सारिएको छ । 'म' पात्रको साथी २३/२४ वर्षमै पियनको जागिरे जीवन निर्वाहको विसङ्गत भूमिका खेल्दै निस्सारतामा बाँचेको देखिन्छ । विरक्तिएको आमाले हुर्काएको 'म' पात्र एसएलसीसम्म पढेको अल्लारे ठिटो हो । पारिजातको यो तेस्रो उपन्यास र सामाजिक विसङ्गतिले भरिएको आख्यान हो । नवचेतनावादको राल्फाली अराजकता, मान्छेलाई मैथुनजीवी ठान्ने खुल्ला यौनभोगको अनैतिक मोह 'बैंसको मान्छे'मा प्रशस्त भेटिन्छ । 'म' पात्र आफ्नो यौनकुण्ठा व्यक्त गर्दछ - 'यो उजाड गोरेटोमा एकपटक लम्पसार सुतिदेऊ, म तिम्रो रङ्गिन चून्नी च्यात्छु, तिमीलाई एकपल्ट नङ्ग्याउँछु (परिजात,२०२९: १) ।' उपर्युक्त भनाइप्रति 'म' पात्र अराजक अभिव्यक्ति प्रकट गर्छ । आख्यानमा अनास्था, निराशा र वितृष्णा देखिएको छ । मनमा असन्तुष्टिको पोको बोकेर कुण्ठित 'म' पात्र भन्छ - 'मलाई देवल, देवता र देवताको आस्था एकसाथ गन्हाएको जस्तो लाग्छ, कुहेर कीरा परेर फत्फती झर्न लागेको देवता (पारिजात २०२१: ८) ।' नकारात्मक मात्र देख्ने विसङ्गतिवादले निस्सारताको भडखालो मात्र देखिन्छ र आख्यानमा समाजमा मान्छेलाई घिनलाग्दो, जीवका रुपमा अनुभव गर्दै 'म' पात्र बडबडाउँछ - 'जान देऊ मान्छे यहाँ सधैं हीन कुरा मात्रै सोच्छन् । समाज धारामा जम्मा भएका स्वास्नी मान्छेहरु जस्तो छ, घिनलाग्दो भ्रष्टपाजी (परिजात,२०२९: १२) ।' पारिजातले 'बैंसको मान्छे' मा पनि त्यस्तै अनुसरण गरेकी छन् । त्यही दृष्टिकोण र प्रवृत्तिगत मूल्यमा यथार्थवादी चिन्तन भने 'शिरीषको फूल' र 'महत्ताहीन'मा छैन भन्ने 'बैंसको मान्छे' मा देखिएको छ । जति 'महत्ताहीन'मा विसङ्गतिको बोधको स्थिति टडकारो रहको छ त्यही रुपमा 'बैंसको मान्छे' मा छैन । बैंसको मान्छेमा आएपछि पारिजातमा विचार परिवर्तन आउन खोजेको देखिन्छ । त्यसको असर उपन्यासमा पनि देखिएको छ । यसमा उनको निराशावादी चिन्तन सामाजिक बन्न पुगेको देखिन्छ । मान्छेमा सामन्ती अर्थ व्यवस्थाले जन्माएका अपच कुराहरु बुझ्ने क्षमतामा विकास भैसकेकोले आर्थिक शोषण र प्रशासनिक दमनका विविध पक्षहरु मुलुकका निम्नवर्गीय जनतामा बोझ बनेको कारणले मान्छेमा क्षुब्ध मानसिकता सुरु भएको देखिन्छ । मान्छेमा यस्तो पीडाको अभिव्यक्ति नै 'बैंसको मान्छे'मा देखिन्छ । समाजमा विकृत रुपमा पालिएको विकारग्रस्त पराम्पराका जीवन चर्या भोग्नुपर्ने खप्नुपर्ने बाध्यतामा बाँचेको छ 'म' पात्र । उसको वृत्तमा धुम्ने पियन केटो, हवलदार, घरबेटी, होटेल साहु, बुढो र नारी पात्रहरु ज्वान श्यामो, मागेर खाने लाटी पियनकी आमा छन् । तीस पैतिसकी म पात्रकी आमा हेर्दा राम्री छे । 'म' पात्रका साथीहरु उसको घरमा रमाइलो गर्न आउँछन् र एउटाले नराम्रो यौन भावले पटक पटक 'म' पात्रकी आमालाई हेर्छ र अनैतिक सङ्केत गर्छ । यो व्यवहारबाट 'म' पात्र विरत्तिएको छ र यस्तो अभिव्यक्ति दिन्छ- 'मलाई चोटामा लुसुक्क पसेको कुकुरको सम्झना आउँछ । तेइस वर्ष छिचोलिसकेको लाग्नेमान्छे म, मलाई ती सब हेराइहरुको अर्थ लगाउन बेर लाग्दैन । म छिप्पिसकेको छु । घृणाले सँग्रिन्छु आफ्नो परिवेशदेखि तर साहिदिन पर्छ किनभने यिनीहरुदेखि म बेग्लै छैन (परिजात, २०५४: १९४) ।'

'म' पात्रको सँगतमा बाँचेको २३/२४ वर्षको पियन जसको आयले उसको आमा छोरा पालिन नसक्ने अवस्था छ । त्यस्तैमा पियन टिबी रोगले ग्रस्त छ, जुन दृश्य टुलुटुलु हेर्न बाध्य छ 'म' पात्र केही गर्न सक्दैन । होटेलमा भाँडा माझ्ने श्यामो सुन्दर छे त्यहीको जुठो पुरोबाट टिबी रोग बोक्न बाध्य छे, त्यही रोगको जालो भित्र २/४ खिली चुरोट दिएर अनेक प्रलोभन देखाउँदै सोझोपनको फाइदा उठाउँदै सम्भोग गर्न आउने पुलिसको हवालदारको विकृत आचरण हेर्नु परेको छ 'म' पात्रले । यी सबै घटनाबाट आहत भएको छ 'म' पात्र तर टुलुटुलु हेरेर निराश बनेको छ । आफूले चाहेको केही पाउन नसक्ने र गर्न नसक्ने लाछी सम्झने उपन्यासका पात्रहरुमा मानवताप्रति विश्वास छैन, आफ्नो मूल्यहीनताको बोधले खग्रास भएका पात्रहरु ठाउँठाउँमा निराशा र विसङ्गतिका विक्षिप्त चेतनाका अभिव्यक्ति दिन्छन् (घिमिरे र ज्ञवाली, २०६४: ५४) । भनिएको छ- 'मानवताले बचाउन सक्छ मान्छेलाई । असम्भव, झुट मानवता मखुण्डो । हो मान्छेको, जसले यसलाई बोध गर्छ उसको अभिभारा सिद्धिन्छ । के म स्वास्नी मान्छेलाई मात्र काम लाग्ने एउटा घृणित लिङ्ग बोकेको लोग्ने मान्छे भइसकेँ । उसो भए यो युग र मेरो बाँच्नुसँग के सम्बन्ध छ (परिजात, २०२९: २४-२५) ?' प्रस्तुत भनाइबाट आफूले भित्रैदेखि चाहेको श्यामो पनि सुख खोज्दा हवल्दारको जालमा पर्दा बैंसमै मर्न बाध्य हुन्छे । जसको लास उठाउन समेत गारो पर्छ । त्यस्तै पियन केटा बैंसमै उपचार नपाएर मर्छ । कान्छी स्वास्नी बनाउछु भनेर प्रलोभन देखाएर फसाउने हवलदार श्यामोको मृत्युमा गम्भीर समेत हुँदैन । सबै दृश्यमा आक्रोशित 'म' पात्र निराशाको पराकाष्ठा नाग्दै वितृष्णाबाट 'म' पात्रले आफूलाई र आफ्नो साथी पियनलाई अपमान गर्ने घरबेटीलाई हत्या गरिदिन्छ । यसरी 'बैंसको मान्छे' आख्यानमा पारिजातले 'म' पात्र, पियन केटो, श्यामोको दुखान्त अन्त्य गराएर निराशाको शिखरमा पुगेको भेटिन्छ ।

## निष्कर्ष

पारिजात आधुनिक नेपाली साहित्यको अग्रपङक्तिको प्रतिभा हुन् । उनको साठी वर्षीय (वि. सं १९९४-२०५०) जीवन यात्रा मध्ये आख्यानकाल (२०२१-२०४९) लामो देखिन्छ । यही आख्यान यात्राको पहिलो चरण भित्रको उपन्यासमा 'शिरीषको फूल' (२०२२),'महत्ताहीन' (२०२५) र 'बैसको मान्छे' (२०२९) मा निरासावाद छुट्याउनु यस अध्ययनको मुख्य विषय रहेको छ । यी उपन्यासहरुमा जीवनको निस्सारताको उत्कृष्ट उदाहरण दिदैं पारिजातले जीवनको सार भेट्टाउन नसकेको हतास मनस्थितिको चरमविन्दुमा पुगेको अवस्था सङ्केत गरेको छ । 'शिरीषको फूल'मा हीन बनेर जीवन बिताएको सुयोगको मार्फतबाट प्रस्तुत भएको छ । जीवनमा निराशा मात्र भोग्ने बानी परेको बुढो लाहुरे, कारण नखुलेको निराशामा विरक्तिएकी बरी, 'महत्ताहीन' मा नपाउनु नै जीवनको निरासताको संकेत अत्यासलाग्दो जीवन जीउन बाध्य आजको मान्छे आफ्नो अस्तित्व नै नभएको मान्न बाध्य अनाम पात्रको माध्यमबाट प्रतिनिधित्व गरिएको छ । जीवन काम चलाउको सम्झौता मात्र रहेको तथ्य बोकेको 'बैंसको मान्छे' प्रस्तुत गरेको देखिन्छ । उपन्यासकारले आफ्नो अपाङ्ग, एक्लो जीवन भोगाइको छटपटाहटलाई पनि एक दार्शनिक मान्यतामा ढाल्न सक्नु प्रस्तुत

उपन्यासहरुको मुख्य प्राप्ति रहेको देखिन्छ ।

**सन्दर्भ सामाग्री सूची**


अधिकारी, अच्युतरमण, *शिरीषको फूल की सकम्बरी.* समकालीन साहित्य -२१ (२०५२); पृ.१०४–१०६।

अधिकारी, डी.पी (२०२९). *बैसको मान्छे .* सकसक २२, पृ ३५–३६

अनास्यव, भिक्टर (ई १९७७). *दर्शन शास्त्रको प्रारम्भिक ज्ञान,* प्रगति प्रकाशन ।

अर्याल, कुन्दन (२०५० क). *पारिजात* प्रकाश ,वैशाख ७ गते ।

...........(२०५० ख). *सङ्घर्षको अर्कोनाम पारिजात* जनमत १०/३–६ पृ. ३८–४०

अर्याल, मुरारी (२०५१ क). *'पाश्चात्य साहित्य प्रमुखवाद,'* साझा प्रकाशन

.......... (२०५१ ख). *'समाजवैज्ञानिक विश्लेषण पारिजातका उपन्यासहरु'* पारिजात स्मृतिग्रन्थ (सम्पादन) *निनु चापागाई र खगेन्द्र संग्रौला.* पारिजात स्मृति केन्द्र ।

आचार्य, सन्तोष (२०५०). *अब शिरीषको फूल फुल्दैन* जनमत १०/३–६ पृ.२० –२१ ।

उपाध्याय, केशबप्रसाद (२०५५). *दुःखान्त नाटकको सृजन परस्परा.* नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

उप्रेती, डिल्लीराज (२०५५).*अबलेर कामु ला. स्ट्रेन्जर.* भगवती उप्रेती ।

कार्की, अम्बुभवानी (२०५२). *पारिजातको कथाकारिता अध्ययन.* अप्रकाशित स्नाकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, मानविकी तथा समाजशास्त्र संकाय, नेपाली केन्द्रीय विभाग ।

कोइराला, शारदा (२०३८). *पारिजातका उपन्यासमा बैचारिक प्रवृत्ति.* जूही १/२ , पृ १००–१०९

घिमिरे, कृष्णप्रसाद र रामप्रसाद ज्ञवाली (२०६४). *आख्यानकार पारिजात (द्वि. संस्क).* हजुरको पुस्तक पसल ।

चापागाई, निनु र खगेन्द्र सङ्गौला (सम्पा), (२०५१).*परिजात स्मृति ग्रन्थ.* पारिजात स्मृति केन्द्र ।

जोसी, कुमारबहादुर (२०५४). *साहित्यकार प्रमूख वाद (द्वि.संस्क).* साझा प्रकाशन ।

पारख, जबरी मल्ल (ई १९९७). *अस्तित्ववाद और मानवतावाद.* प्रकाशन संस्थान ।

पारिजात (२०२२). *शिरीषको फूल.* पारिजात

........... (२०२५)(क). *आदीम देश.* पुस्तक संसार ।

........... (२०२५)(ख). *महत्ताहीन.* साझा प्रकाशन ।

........... (२०२९). *बैंसको मान्छे.* हिमलोक प्रकाशन ।

........... (२०३२). *सडक र प्रतिभा.* साझा प्रकाशन ।

प्रधान कृष्णहरी र नेत्रएटम (२०६१). *उपन्यास सिद्धान्त र नेपाली उपन्यास.* साझा प्रकाशन ।

लमिछाने, यादव प्रकाश (२०६३). *आधुनिक नेपाली उपन्यासमा विसङ्गतिबोध.* विद्यार्थी पुस्तक भण्डार ।

........... (२०६८). *नेपाली उपन्यास सिद्धान्त र समिक्षा.* विद्यार्थी पुस्तक ।

शर्मा, श्रीराम (ई १९९७). *आधुनिक हिन्दी उपन्यास : दार्शनिक चेतना.* राजेस प्रकाशन ।